निर्णय नं. १ जुम्ला जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्ट तिव्र रूपमा संक्रमण बढेको हुदाँ पहिले सञ्चालनमा आएका न्युनतम ५० वेड आइसोलेशन र ५ वेडको कोभिड-१९ अस्पताल सञ्चालनमा ल्याउन आइसोलेशन पूर्वाधार व्यवस्थापन सम्बन्धित पालिका र चिकित्सक व्यवस्थापनका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले गर्ने निर्णय गरियो।

निर्णय नं. २ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र जन स्वास्थ्य सेवा कार्यालयले सम्बन्धित पालिका स्वास्थ्य शाखाका कर्मचारीसगँ समन्वय गरी Contract tracing र Testing को दायारा बढाउन कार्ययोजना सहित परिक्षणको क्षेत्र बढाउने निर्णय गरियो।

निर्णय नं.३ कोभिड-१९ का विरामी एम्बुलेन्स सञ्चालनका प्रतिनिधि सभाका सदस्य माननीय श्री गजेन्द्र बहादुर महतले निर्वाचन क्षेत्र विकास कोषको वजेटबाट १०,००,०००।(दश लाख) रूपैया दिने प्रतिवद्धता गर्नु भएकोमा वहाँलाई यस समितिको तर्फबाट धन्यवाद दिने निर्णय गरियो।

निर्णय नं.४ जुम्ला उद्योग वाणिन्य सघं, जुम्लाले आफ्नो सभाहल आइसोलेशनको रूपमा प्रयोग गर्न दिने र २ महिनाका लागि कोभिड एम्बुलेन्स (फ्रि) सेवाको लागि उपलब्ध गराउने जानकारी प्राप्त भएको हुदाँ उद्योग वाणिज्य सघंलाई स-धन्यवाद दिने निर्णय गरियो।

निर्णय नं.५ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अक्सिजन प्लान्ट उत्पादनका लागि चाहिने विद्युत आपुर्ति पिक आवर बाहेक अन्य समयमा विद्युत प्राविधिकरण जुम्ला शाखाले उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.६ निशेधाज्ञा अवधि भर सञ्चालन हुने सरकारी तथा निजि सवारी साधन अनिर्वाय रूपमा जिल्ला प्रशासन कार्यालय, जुम्लाबाट सवारी पास लिएर मात्र सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं.७ कोभिड-१९ को तिव्र संक्रमण बढेको जुम्ला २०७८/०१/२३ गते ०७८/०१/३१ गते सम्म निषेधाज्ञा रहेको तर जनसमुदायको लापरवाही बढेको हुँदा ०७८/०२/०१ गतेको दिउँसो १२ बजे देखि मिति ०७८/०२/११ गतेसम्म औषधी पसल बाहेक सम्पुर्ण सेवा बन्द गरि १० दिन सम्म पूर्ण निषेधाज्ञा गर्न जिल्ला सुरक्षा समितिलाई सिफारिश गर्ने निर्णय गरियो।

निर्णय नं.८ कोभिड-१९ नयाँ भेरियन्ट संक्रमणको रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०७८ प्रस्तुत गरियो। सो कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरूले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने निर्णय गरियो।

निर्णय नं. ९ जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका सदस्य तथा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका अस्पताल निर्देशक डा. मंगल रावल सोही प्रतिष्ठानको उपकुलपतिमा नियुक्ति भएको हुँदा बधाई तथा सफल कार्यकालको शुभकामना दिने निर्णय गरियो।

## कोभिड –१९ नंया भेरिन्ट संक्रमणको रोकथाम तथा नियन्त्रण कार्ययोजना,२०७८

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | समय/सीमा. | श्रोत /साधन | अनुगमन तथा मुल्याङ्कन |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला भित्र भारत लगायत अन्य जिल्लावाट भित्रिने व्यक्तिहरुको हकमा अनिवार्य १० दिन होम आईसोलेशन राख्ने , सो को अनुगमन गर्ने। | सम्बन्धित वडा अध्यक्ष, स्वयंसेविका | सम्वन्धित पालिका प्रमुख / उपप्रमुख /स्थानीय सुरक्षा ईकाई | निरन्तर | आवश्यक नपर्ने | सम्वन्धित पालिका प्रमुख / उपप्रमुख/ जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र |
| २. | कोभिड-१९ को पहिलो चरणमा यस जिल्ला स्थापना भई संचालनमा आएका ५० बेड आईसोलेशन पुन संचालन गर्ने र ५ बेडको कोभिड अस्पताल सुचारु गर्ने। | समबन्धित पालिका प्रमुख / उपप्रमुख / स्वास्थ्य शाखा प्रमुख | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान / जिल्ला जनस्वास्थ्य कार्यालय | १ हप्ता भित्र | सम्वन्धित पालिका | जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्र |
| ३. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा र संचालनमा आएका कोभिड अस्पतालमा अक्सिजन उपलब्धताको आपूर्ति लागी समन्वय तथा पहल गर्ने। | DCCM र KAHS समबन्धित पालिका प्रमुख | गृह मन्त्रालय / CCMC | १ हप्ता भित्र | KAHS/ नेपाल सरकार/ सम्वन्धित पालिका | जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्र /स्थानीय कोभिड- १९ संकट व्यवस्थापन केन्द्र |
| ४. | प्रत्येक पालिकामा [illegible] आईसोलेशनमा बसेका व्यक्तिहरुको निरन्तर जानकारी लिने । | स्वास्थ्य शाखा प्रमुख र कोभिडका खटिएका चिकित्सकहरु | जिल्ला जनस्वास्थ्य कार्यालय / KAHS का चिकित्सक | निरन्तर | आवश्यक नपर्ने | जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्र |
| ५ | कोभिड केश देखिसकेपछि Contact Tracing गरी विवरण तयार गर्ने र Testing तिब्र रुपमा बढाउने। | जिल्ला जनस्वास्थ्य कार्यालय /कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | पालिकाका स्वास्थ्य शाखाका प्रमुख र वडाअध्यक्षहरु | निरन्तर | आवश्यक नपर्ने | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| ६ | जिल्लामा निषेधाज्ञा अवधिभर अतिआवश्यक वस्तु तथा सेवा आपूति श्रृङ्खला अवरोध हुन नदिन आवश्यक | DCCMC | उद्योग वाणिज्य संघ / सुरक्षा निकाय | निरन्तर | आवश्यक नपर्ने | जिल्ला सुरक्षा समिति |

Covid Response [illegible]

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समन्वय तथा सहजिकरण गर्ने ।चालक तथा सहचालक RDT गर्ने व्यवस्था मिलाउने । | | | | | |
| ७. | निषेधाज्ञा अवधिभर अतिआवश्यक वस्तु तथा सेवा कृत्रिम अभाव , मूल्य वृद्धि र कालाबजारी गरेको पाईएका अनुगमन गरी कारवाही गर्ने। | जिल्ला प्रशासन कार्यालय / सहायक प्रमुख जिल्ला अधिकारी | उपभोक्ता हित संरक्षण कार्यालय र जिल्ला प्रहरी कार्यालय | निरन्तर | आवश्यक नपर्ने | प्र.जि.अ. |
| ८ | हाल कोभिड १९ नँया भेरियन्टको तीव्र संक्रमण रोकथाम गर्न प्रत्येक पालिका स्वास्थ्य शाखा प्रमुखको नेतृत्वमा स्वयसेविका र जन प्रतिनिधिको सहभागितामा जनस्वास्थ्य सुरक्षा मापदण्ड पालना सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने । | जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख सम्वन्धित स्वास्थ्य शाखा प्रमुख | सम्वन्धित स्वास्थ्य शाखा प्रमुख | निरन्तर | आवश्यक नपर्ने | जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्र / स्थानीय कोभिड- १९ संकट व्यवस्थापन केन्द्र |
| ९. | कोभिड १९ रोकथाम तथा नियन्त्रणलागि स्थानीय रेडीयो तथा मिडीया मार्फत सूचना प्रवाह तथा सन्देशमुलक साम्रगी प्रसारण गर्ने । | जिल्ला जनस्वास्थ्य कार्यालय | जिल्ला जनस्वास्थ्य कार्यालय | निरन्तर | जिल्ला जनस्वास्थ्य कार्यालय | जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्र |
| १०. | कोभिड १९ वाट संक्रमितहरुको विवरण ,परिक्षण भई संक्रमित संख्या , आईसोलेशन बसेका विरामी सम्वन्धी विवरण एकरुपता र विश्वसनियता लागी एकीकृत विवरण तयार गर्ने । | जिल्ला जनस्वास्थ्य कार्यालय / कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | सबै पालिकाहरु | निरन्तर | आवश्यक नपर्ने | जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्र |
| ११. | जिल्ला भित्र पालिकाहरुले संचालन गरेको हेल्थडेस्क प्रभावकारी संचालन भए नभएको अनुगमन गर्ने। | सम्बन्धित पालिकाहरु | जिल्ला जनस्वास्थ्य कार्यालय | निरन्तर | आवश्यक नपर्ने | जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्र |